# सिद्धलेक गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

बुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल

पत्र सङ्ख्याः २०८०/०८१
चलानी नं. २६२६

मितिः २०८१।०३।०९

**विषय :– वेरुजु दाखिला सम्वन्धमा ।**

श्री सविन मगर,
सिध्दलेक गा.पा. वडा नं. ७ पिपलटार धादिङ ।

प्रस्तुत विषयमा यस कार्यालयको म.ले.प.को कार्यालयवाट प्राप्त आ.व. २०७८/०७९ को प्रतिवेदनले तपाइँको नाममा ढुंगा गिट्टी बालुवा निकसी कर संकलन वापतको रकम रु. २,७४,०८५।०० गाउँपालिका कार्यालयमा दाखिला गर्न वाँकी वेरुजु देखिएको भनी मिति २०७९।११।२९ पत्र संख्या ०७९/०८० च.नं. २११८ मार्फत पत्राचार गर्दा समेत कार्यालयको सम्पर्कमा नआउनु भएकोले यथाशघ्रि यस कार्यालयमा उपस्थित भइ यस सम्वन्धी दाखिला गरेको भए प्रमाण पेश गर्नुहुन र नगरेको भए यस कार्यालयको कुमारी वैंक सिध्दलेक शाखामा रहेको आन्तरिक राजस्व खाता नं. ०८१००३५१२३१००००५ मा दाखिला गरी वेरुजु फछ्र्यौट गर्नुहुन जानकारी गराइन्छ । अन्यथा सो वेरुजु रकम सरकारी वाँकी सरह असुलउपर सम्वन्धी कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

**वोधार्थ**
श्री सिध्दलेक गाउँपालिका वडा नं. ७ को कार्यालय पिपलटार धादिङ :– आवश्यक सहजीकरण गरिदिनु हुन ।

२०८१।३।९
विनोद कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

विनोद कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

सिद्धलेक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बुङचुङ, धादिङ ।

बागमती प्रदेश, नेपाल ।

पत्र सङ्ख्याः०७९/८०

चलानी नं: २११८

मिति: २०७९/११/२९

विषय : वेरुजु दाखिला सम्वन्धमा ।

**श्री सविन मगर**

**सिध्दलेक गाउँपालिका वडा नं. ७ पिपलटार, धादिङ ।**

प्रस्तुत विषयमा यस कार्यालयको म.ले.प. को आ.व. ०७८/०७९ को बार्षिक प्रतिवेदनमा तपाईंको नाममा **ढुंगा गिट्टी बालुवाको निकासी कर संकलन वापतको रकम रु. २,७४,०८५।००** वेरुजु कायम रहेको देखिएकोले यथाशिघ्र यस कार्यालयमा उपस्थित भइ यस बिषयमा आफुसंग भएको प्रमाण पेश वा यस कार्यालयको कुमारी बैंक सिध्दलेक शाखामा रहेको **सिध्दलेक गा.पा. आन्तरिक राजस्व खाता** ०८१००३५१२३१००००५ खातामा दाखिला गरी बेरुजु फछ्र्यौट गर्नुहुन जानकारी गराइन्छ । अन्यथा सो बेरुजु रकम सरकारी बाँकी सरह असुल उपर सम्वन्धी कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

बोधार्थ

श्री आर्थिक प्रशासन शाखा सिध्दलेक गा.पा. वुङ्चुङ धादिङ ।

श्री राजस्व शाखा सिध्दलेक गा.पा. वुङ्चुङ धादिङ ।

११।२५

नारायण प्रसाद अधिकारी

प्रमुख प्रशासकीय अधिकृत

नारायण प्रसाद अधिकारी

प्रमुख प्रशासकीय अधिकृत

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, बागमती प्रदेश

पत्र संख्याः २०७९।०८०
च.नं. १३८ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू ,
सिद्धलेक गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
धादिङ्ग ।

**कैफियत सहितको राय**

हामीले सिद्धलेक गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू १ करोड ९६ लाख ३५ हजार बेरुजू देखिएको छ। सोमध्ये बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ९ लाख २४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ४१ लाख ८ हजार, नियमित गर्नुपर्ने रु ३६ लाख १४ हजार र पेश्की रू. ९ लाख ८९ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु १३ करोड ६९ लाख ९९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु १५ करोड ६६ लाख ३४ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट अवण्डा बजेट राखी खर्च गरेको, वर्षान्तमा बढी खर्च गरेको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुगमन मुल्याङ्कन कार्य प्रभावकारी नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सातौं पटक'सम्म पटक पटक ठेक्का रकम संशोधित गरि सूचना प्रकाशन गर्दा समेत ठेक्का बन्दोबस्त हुन नसकेकोले न्यून आय भएको पालिकालाई आर्थिक भार थपिएको र कतिपय विकास निर्माणको कार्य समेत हुन नसकेकोले कार्यालयले वस्तुनिष्ट तरिकाले आय अनुमान गरि ठेक्का बन्दोबस्त गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५७ | | | **रसिद आम्दानी :**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २७ बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने अवस्थामा कार्यालय प्रमुखले कारण उल्लेख गरि सात दिन भित्र बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाको वडाहरुले कतिपय १५ दिनमा र कतिपयले मासिक रुपमा मात्र दाखिला गर्ने गरेकोले समयमा नै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षले ध्यान दिन आवश्यक छ । गाउँपालिका क्षेत्रबाट उत्खनन् तथा निकासी हुने ढुङ्गा गिट्टी बालुवाको निकासी कर संकलन गर्न वडा नं ७ निवासी सविन मगरसंगको २०७८।९।२ गतेको सम्झौता पत्र अनुसार नीजले प्रयोग गरेको यस गाउँपालिकाको नगदि रसिदबाट कुल रकम रु. १७,४३,०४५.०० कट्टा गरेकोमा नीजले जम्मा रु. १४,६८,९६०.०० मात्र बैंक दाखिला गरेकोले दाखिला गर्नुपर्ने बाँकी रकम रु. २,७४,०८५.००असुल गरि सम्बन्धित राजस्व खातामा दाखिला हुनुपर्ने | २७४,०८५ |
| ५८ | | २०७९- | **स्थानीय** | |